# स्थानीय राजपत्र

सन्धिखर्क नगरपालिका अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड ४, संख्या १६, मिति २०७७/०७/०५

# भाग-२

# सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिकाको नगरकार्यपालिकाले बनाएको घुम्तीकोष (बीउपूँजी चालूकोष) परिचालन सम्बन्धी कार्यविधि २०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# घुम्तीकोष (बीउपूँजी चालूकोष) परिचालन सम्बन्धी कार्यविधि

पारित मितिः २०७७/०७/४

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिकाभित्रका गरिबसँग विश्वेश्वर कार्यक्रम लागू भएका वडाहरुमा गठित संगठित समूहको आयआर्जन अभिवृद्धि गर्न वाञ्छनीय भएकोले, सन्धिखर्क नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७४ को दफा ४ को (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०७७/७/४ गते बसेको नगर कार्यपालिका बैठकले सन्धिखर्क नगरपालिकाको घुम्तीकोष (बीउपूँजी चालूकोष) परिचालन सम्बन्धी कार्यविधि २०७७ स्वीकृत गरी लागू गरेको छ।

१. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) नगरपालिका भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) घुम्तीकोष (बीउपूँजी चालूकोष) भन्नाले यस नगरपालिकालाई प्राप्त गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गतको बीउपूँजी चालूकोषको रकमलाई सम्झनु पर्दछ ।

(ग) संगठित समूह भन्नाले विगतमा गरिबसँग विश्वेश्वर कार्यक्रम लागू भएका वडाहरुमा गठन/पुनर्गठन भएका संगठित समूहलाई सम्झनुपर्दछ।

(घ) नगरप्रमुख भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

सन्धिखर्क नगरपालिका

(ङ) नगरउपप्रमुख भन्नाले सन्धिखर्क नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) वडा भन्नाले सन्धिखर्क नगरपालिकाका गरिबसँग विश्वेश्वर कार्यक्रम लागू भएका वडाहरुलाई सम्झनुपर्दछ।

**२. घुम्तीकोष (बीउपूँजी चालूकोष) परिचालन गर्ने वडाहरुः**

(क) गरिबसँग विश्वेश्वर कार्यक्रम लागू भएका साबिकको वाङ्ला गाविस हाल सन्धिखर्क नगरपालिका वडा नं. ४ र ५ मा यो कोष परिचालन गरिनेछ।

**३. घुम्तीकोष (बीउपूँजी चालूकोष) परिचालन गर्ने क्षेत्रहरुः**

(क) घुम्तीकोष (बीउपूँजी चालूकोष) को रकम संगठित समूहमार्फत विभिन्न समूहहरुको विविध प्रकारका आयआर्जनका क्षेत्रहरु (पशुपालन, तरकारी तथा फलफूल खेती,व्यापार,व्यवसाय, घरेलु उद्योग लगायतका आयआर्जन हुने क्षेत्र) मा लगानी गर्नुपर्नेछ।

**४. घुम्तीकोष (बीउपूँजी चालूकोष) परिचालन गर्ने विधिः**

(क) विभिन्न समूहहरुको माग बमोजिम संगठित समूहले लगानी गर्ने क्षेत्र र आवश्यक बजेट माग गर्नुपर्नेछ।

(ख) संगठित समूहको माग बमोजिम सम्बन्धित वडाबाट बीउपूँजी रकम मागको सिफारिस गर्नुपर्नेछ।

(ग) घुम्तीकोषको रकम उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाले निर्णय गर्नुपर्नेछ।

(घ) घुम्तीकोषको रकम उपलब्ध गराउने कार्यपालिकाको निर्णय बमोजिम संगठित समूह र नगरपालिका नगरकार्यपालिकाको कार्यालय बीचमा दुईपक्षीय सम्झौता गरी बीउपूँजीको रकम संगठित समूहको खातामा जम्मा गरीनेछ ।

(ङ) संगठित समूहलाई नगरपालिकाबाट घुम्तीकोष (बीउपूँजी चालूकोष) उपलब्ध गराउँदा अनुसूची- १ को ढाँचामा सम्झौता गरी रकम उपलब्ध गराउइनेछ।

**५. उलब्ध गराउने बीउपूँजी रकमः**

(क) एउटा संगठित समूहलाई एक पटकमा बढीमा रु.५,००,०००।सम्म रकम बीउपूँजीको रुपमा उपलब्ध गराउन सकिनेछ।

(ख) संगठित समूहले प्रति सदस्य बढीमा रु.१०,०००।सम्मको रकम आयआर्जन सम्बन्धी कार्यको लागि लगानी गर्न सक्नेछ।

**६. बीउपूँजी रकममा व्याज लगाउन सक्नेः**

(क) नगरपालिकाले उपलब्ध गराएको बीउपूँजी रकमको ५ प्रतिशत व्याज संगठित समूहबाट वार्षिक रुपमा नगरपालिकाले लिन सक्नेछ।

(ख) संगठित समूहले प्राप्त गरेको बीउपूँजीको रकममा समूहको निर्णय बमोजिम समूले व्याजदर तोक्न सक्नेछ र यसरी व्याजदर तोक्दा वार्षिक १२ प्रतिशत भन्दा बढी व्याज तोक्न पाउने छैन।

(ग) संगठित समूहले आर्जन गरेको व्याज समूहको निर्णय बमोजिम समूहकै व्यवस्थापकीय कार्यमा लगाउन सकिनेछ।

**७. प्रगति विवरणः**

(क) संगठित समूहले परिचालन गरेको बीउपूँजीको रकमको दुरुस्त अभिलेख राखी त्यसको प्रगति प्रतिवेदन चौमासिक रुपमा सम्बन्धित वडा कार्यालय तथा नरपालिकाको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

**८. अनुगमनः**

(क) संगठित समूहले परिचालन गरेको बीउपूँजीको रकमबाट भएका कार्यहरुको अनुमगन गर्ने काम वडा कार्यालय, नगरपालिकाको कार्यालय तथा जिल्ला समन्वय समितिले गर्नेछ।

**९. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

**१०. परिमार्जन तथा संशोधन**

यस कार्यविधिलाई आवश्यकताअनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

# अनुसूची-१

## सम्झौताको ढाँचा

(दफा ४ (ङ) सँग सम्बन्धित)

सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सन्धिखर्क

अर्घाखाँची ।

सन्धिखर्क नगरपालिका (पहिलो पक्ष),संगठित समूह (दोस्रो पक्ष),बीच बीउपूँजीको रुपमा प्राप्त रकम रु............................... अक्षरुपी..................................................मात्र सम्झौताका तपसिलमा उल्लेखित सर्तहरुको पालना गर्ने गरी यो सम्झौता गरी लियौं दियौं।

तपसिलः

१. यो सम्झौता प्रत्येक वर्ष नविकरण हुने गरी ५ वर्ष सम्मका लागि लागू गर्न दुबै पक्ष सहमत छौं तर बीउपूँजी सञ्चालन प्रक्रिया सम्बन्धी नीति उल्लघंन गरेमा बीचमा सम्झौता भंग गर्न सकिनेछ र नवीकरण हुने छैन ।

२. सर्तको परिधिभित्र रही पहिलो पक्षबाट एकै पटक वा पटकपटक गरी तोकिएको घुम्तीकोष बजेट दोस्रो पक्षले लिन सक्नेछ।

३. समूहका सदस्यहरुलाई उपलब्ध गराएको बीउपूँजी रकमको रेकर्ड दोस्रो पक्षले दुरुस्त राखी सो रेकर्ड सम्बन्धित वडा र नगरपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

४. दोस्रो पक्षले प्राप्त गरेको बीउपूँजी रकमको वार्षिक ५ प्रतिशत दरले हुने व्याज रकम प्रत्येक वर्ष पहिलो पक्षको खातामा जम्मा गर्नुपर्नेछ।

५. पाँच वर्ष सम्म रकम परिचालन गरी आर्जन भएको व्याजलाई पहिलो पक्षले बीउपूँजी मै पूँजीकरण गर्दै जानुपर्नेछ।

६. दोस्रो पक्षले प्राप्त गरेको रकम विभिन्न आयआर्जनको काममा परिचालन गर्नु पर्नेछ र सो गरे नगरेको अनुगमन गर्ने कार्य तेस्रो पक्षले गर्नुपर्नेछ।

७. दोस्रो पक्षले प्राप्त गरेको रकम जगेडा कोष बापत समूहको खातामा राखी बाँकी सबै रकम परिचालन गर्नुपर्नेछ।

८. रकम परिचालन गर्दा एक पटकमा प्रति सदस्य रु. १०,०००। (अक्षरुपी दशहजार मात्र) सम्म मात्र उपलब्ध गराउन सकिनेछ।

९. जगेडाकोष वापत रु.५,०००। देखी १०,०००। सम्म राख्न सकिनेछ र कुनै सदस्यलाई आकस्मिक कर्जा दिनुपरेमा उक्त रकमबाट दिन सकिनेछ।

१०. संगठित समूहमार्फत समूहलाई उपलब्ध गराएको बीउपूँजी रकमको व्याजदर समूहको निर्णयबाट निर्धारण गर्नुपर्नेछ र ब्याज दर निर्धारण गर्दा बैंकबाट लगानी हुने ब्याजदरलाई आधार लिनु पर्नेछ । समूहका सदस्यहरुबाट चर्को व्याजदरमा लगानी गर्न पाईनेछैन।

११. तोकिएको म्यादमा रकम फिर्ता नबुझाए दण्डको व्यवस्था समितिले गर्न सक्नेछ।

१२. बीउपूँजीको रकम समूह सदस्यहरु भन्दा बाहिर लगानी गर्न पाईनेछैन।

१३. पाँच वर्षको अवधि पूरा भएपछि दोस्रो पक्षले बीउपूँजीको सम्पूर्ण रकम पहिलो पक्षलाई बुझाउनुपर्नेछ।

| | |
|---|---|
| कार्यालयको तर्फबाटः | संगठित समूहको तर्फबाट |
| (पहिलो पक्ष) | (दोस्रो पक्ष) |
| नामः.................. | नामः........................... |
| दस्तखतः............... | दस्तखतः...................... |
| पदः........................ | पदः................................. |
| ठेगानाः.................... | ठेगानाः............................. |

साक्षी

| | |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |

इति सम्वत् २०...... साल .........महिना.................. गते ............ रोज ............शुभम् ।

प्रमाणीकरण मितिः २०७७/०७/०५

आज्ञाले
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

सन्धिखर्क नगरपालिका